संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज ४ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त नाराको बीच सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७८ अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, परराष्ट्र मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, रक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सहरी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय एवं विनियोजन विधेयकमा उल्लिखित सम्पूर्ण शीर्षकहरुमाथि छलफल प्रारम्भ भएको जानकारी गराउँदै विनियोजन विधेयकका विभिन्न शिर्षकहरूमाथि मा० श्री प्रेम सुवालबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (ख) बमोजिम खर्च कटौतीका प्रस्तावहरू प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात खर्च कटौती प्रस्तावका प्रस्तावक मा० श्री प्रेम सुवालले सबै मन्त्रालय, कार्यालय र सचिवालय शीर्षकहरूमाथि राख्नुभएको आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७८ अन्तर्गतका उल्लिखित सम्पूर्ण मन्त्रालय, कार्यालय र सचिवालयका विनियोजन खर्च शीर्षकहरूमाथिको छलफलमा भाग लिन थप मा० सदस्यहरूको नाम प्राप्त हुन नआएकोले उक्त छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले अर्थ मन्त्रालय लगायत सम्पूर्ण मन्त्रालय, कार्यालय र सचिवालयका विनियोजन खर्च शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा मा० श्री प्रेम सुवालले स्पष्टीकरण माग गर्नुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले उक्त स्पष्टिकरणको सम्बन्धमा स्पष्ट पार्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “विनियोजन विधेयक, २०७८” अन्तर्गत विभिन्न विनियोजन शिर्षकहरूमाथिको दफावार छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७८ अर्न्तगत विभिन्न विनियोजन शीर्षकहरू सम्बन्धी खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त खर्च कटौतीको प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले विनियोजन विधेयक अन्तर्गतको छलफलको जवाफ दिने क्रममा सरकारको तर्फबाट विधेयकमा समावेश गर्ने गरी प्रस्ताव गर्नुभएको निम्नलिखित संशोधनलाई स्वीकृतीको लागि निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

> “विधेयकको दफा १ को उपदफा (२) मा रहेका “यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।” भन्ने शब्दहरुको सट्टा “यो ऐन सम्वत् २०७८ साल भदौ ३१ गतेदेखि प्रारम्भ हुनेछ ।” भन्ने शब्दहरु राख्ने ।”

तदुपरान्त सम्माननीय सभामुखले मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले विनियोजन विधेयक अन्तर्गतको छलफलको जवाफ दिने क्रममा सरकारको तर्फबाट विधेयकमा समावेश गर्ने गरी प्रस्ताव गर्नुभएको स्वीकृत संशोधनलाई "विनियोजन विधेयक, २०७८" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ११ सम्म र सो सँग सम्बन्धित अनुसूची १ र २ "विनियोजन विधेयक, २०७८" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "विनियोजन विधेयक, २०७८" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "विनियोजन विधेयक, २०७८ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४९ को उपनियम (३) बमोजिम "आर्थिक विधेयक, २०७८" माथिको दफावार छलफलको लागि यही २०७८ साल असोज ७ गते बिहीबार व्यवस्थापन कार्य प्रारम्भ भएपछिको समय तोकेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज ७ गते बिहीबार दिनको २:०० बजे बस्नेगरी दिनको १२:१० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव